नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बाँके, नेपालगञ्ज ।

☎ ०८१-५२०१८८
०८१-५२०२६०
Fax : ०८१-५२०६७६
इमेलः daobanke81@gmail.com

प.सं. :- ०७६/०७७(स्था.प्र)
च.नं. :- ५६८९

मितिः- २०७७।०१।२४

विषयः बैठकको निर्णय पठाईएको ।

श्री गृह मन्त्रालय,
(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा),
सिंहदरवार, काठमाडौं ।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
प्रदेश नं. ५, बुटवल ।
श्री कोभिड-१९ संकट व्यवस्थापन केन्द्र,
सिंहदरवार, काठमाण्डौं ।

प्रस्तुत विषयमा मिति २०७७।०१।२४ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री कुमार बहादुर खड्काको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय, बाँकेमा बसेको जिल्ला स्तरीय COVID Crisis Management Center को बैठकको निर्णय पाना २(दुई) यसै साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

**बोधार्थ एंव कार्यार्थ**

श्री जिल्ला समन्वय समितिको कार्यालय, बाँके ।
श्री नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, बाँके ।
श्री कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बाँके ।
श्री खजुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बाँके ।
श्री जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बाँके ।
श्री डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बाँके ।
श्री राप्ती सोनारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बाँके ।
श्री नरैनापुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बाँके ।
श्री बैजनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बाँके ।
श्री जिल्ला स्वास्थ्य कार्यालय, बाँके ।
श्री भेरी अस्पताल, नेपालगञ्ज ।

७७।१।२४
दीर्घराज उपाध्याय
सहायक प्रमुख जिल्ला अधिकारी

आज मिति २०७७।०१।२४ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री कुमार बहादुर खड्काको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय, बाँकेमा जिल्ला स्तरीय COVID Crisis Management Center को बैठक देहायको उपस्थितिमा बसी देहाय अनुसार निर्णय गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी श्री कुमार बहादुर खड्का | जिल्ला प्रशासन कार्यालय बाँके | अध्यक्ष |
| जिल्ला समन्वय अधिकारी श्री हरी प्याकुरेल | जिल्ला समन्वय समितिको कार्यालय, बाँके | सदस्य |
| प्रमुख सेनानी (गणपति) श्री नकुल थापा | भैरव प्रसाद गण | सदस्य |
| प्रहरी उपरीक्षक श्री बीर बहादुर ओली | जिल्ला प्रहरी कार्यालय, बाँके | सदस्य |
| स.प्र..उ. श्री दीपक अधिकारी | स.प्र. बल नेपाल, गण हे.क्वा.नं ३० | सदस्य |
| उप-अनु.निर्देशक श्री कमल प्रसाद भट्टराई | रा.अ.जि.का. बाँके | सदस्य |
| मे.सु. श्री प्रकाश बहादुर थापा | भेरी अस्पताल, नेपालगंज | सदस्य |
| स.प्र.जि.अ. श्री दीर्घराज उपाध्याय | जिल्ला प्रशासन कार्यालय, बाँके | सदस्य |

**सल्लाहकार** :

| | | |
|---|---|---|
| श्री अजय कुमार श्रीवास्तव | संयोजक | जिल्ला समन्वय समितिको कार्यालय, बाँके । |
| श्री धवल शम्सेर राणा | नगर प्रमुख | नेपालगंज उपमहानगरपालिकाको कार्यालय, नेपालगंज |

आमन्त्रित:

| | | |
|---|---|---|
| डा. श्री हेमन्त चन्द्र ओभ्का | | स्वास्थ्य सेवा विभाग, काठमाडौं । |
| श्री धिरजंग शाह | प्रमुख | जिल्ला स्वास्थ्य कार्यालय, बाँके । |
| श्री हरिश्चन्द्र शर्मा | प्र.अ. | जिल्ला प्रशासन कार्यालय, बाँके । |
| श्री गणेश न्यौपाने | प्र.अ. | जिल्ला प्रशासन कार्यालय, बाँके । |
| श्री नरेशमान श्रेष्ठ | जनस्वास्थ्य अधिकृत | जिल्ला स्वास्थ्य कार्यालय, बाँके । |
| श्री राम बहादुर चन्द | स्वास्थ्य शाखा प्रमुख | नेपालगंज उपमहानगरपालिका, बाँके । |
| श्री गौरीलाल बुढाथोकी | सुचना अधिकृत | जिल्ला आपत्‌कालिन कार्य संचालन केन्द्र, बाँके । |

**निर्णय नं १)** कोरोना संक्रमित व्यक्तिहरुलाई लिन जान र कोरोना बिशेष अस्पताल पुऱ्याउने कार्यका लागी प्रत्येक स्थानीय तहमा कम्तिमा १।१ वटा एम्बुलेन्स २४ सै घण्टा तयारी अवस्थामा राख्ने । संक्रमित वा संम्भावित बिरामी बोके वापत एम्बुलेन्स चालकलाई थप प्रोत्साहन भत्ता दिने । चालकलाई आवश्यक पर्ने PPE, पञ्जा, मास्क लगायतको व्यवस्था गर्ने र तोकिएको क्वारेन्टाईनमा तोकिएको अवधिभर बस्ने व्यवस्था गर्ने । Contact Tracing र स्वाव संकलन कार्यमा खटिने जनशक्तिलाई आवश्यक पर्ने Logistic support सम्बन्धित स्थानीय तहले बेहोर्ने । उपरोक्त सम्पुर्ण कार्य सम्पादन र व्यवस्थापनको जिम्मेवारी जिल्लास्तरमा स्वास्थ्य कार्यालय र स्थानीय तहस्तरमा सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखाले गर्ने ।

**निर्णय नं २)** प्रत्येक स्थानीय तहले सबै वडा र वस्तीस्तरमा स्थानीय नागरिकहरुको सहभागीतामा निगरानी समूह गठन गरी परिचालन गर्ने । उक्त निगरानी समूहले कोही व्यक्ति भारतबाट लुकिछिपी आएको र कोही कसैमा COVID-19 को लक्षण देखिएको जानकारी हुने वित्तिकै स्थानीय प्रशासन र सम्बन्धित स्थानीय तहमा जानकारी गराउने ।

**निर्णय नं ३)** मिति २०७७।०१।१९ मा भेटिएका पहिलो संक्रमितको Contact Tracing बाट ९४ जनाको पहिचान गरी स्वाव परीक्षण गर्दा मिति २०७७।१।२१ गते थप १५ जना कोरोना संक्रमित देखिए पश्चात ति १५ जनाको contact Tracing गरी हालसम्म संभावित २०९ जनाको पहिचान भई स्वाव संकलन र परीक्षण कार्य भई रहेको । मिति २०७७।१।२३ गते पहिलो संक्रमित कै Contact Tracing को समूहबाट नै थप ७ जनामा कोरोना संक्रमन पोजेटिभ देखिएकोले निज ७ जनाको समेत Contact Tracing गरी संभावित व्यक्तिहरुको स्वाव संकलन गरी परीक्षण गर्ने कार्यलाई तिव्रतापूर्वक निरन्तरता दिने । सो कार्यका लागी थप आवश्यक पर्ने किट लगायतको स्वास्थ्य सामाग्री आपुर्तिका लागी प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गर्ने ।